# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०३।०५ गते

## प्रेस विज्ञप्ति

### विषयः घुस दिन ल्याइएको रकम सहित नियन्त्रणमा।

---

जिल्ला रूपन्देही मर्चवारी गाउँपालिका वडा नं.१ बस्ने रामराज यादवले मिति २०७६।०२।३२ गते प्रहरी चेकिङको क्रममा जिल्ला रूपन्देही सि.न.पा.वडा नं.६ गल्लामण्डीबाट अनुसन्धानको क्रममा दाखिला हुन आएको २ वटा भारतीय मोटरसाइकलहरू छुटाउनको लागि भनी जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रहरीलाई रू.१०,०००।—(दस हजार) घुस रकम दिन खोज्दा प्रहरीले उक्त घुस दिन ल्याएको रकम सहित निज रामराज यादवलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि नगद रकम सहित मानिस पठाइएको भनी जिल्ला प्रहरी कार्यालय रूपन्देहीको पत्रसाथ मिति २०७६।०३।०४ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंमा दाखिला हुन आएको हुँदा थप अनुसन्धान कार्य भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता